# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, जेठ १८ गते, २०८३ साल (संख्या १०

## भाग ३

### नेपाल सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको

### सूचना १

**संवत् २०८३ सालको गठन आदेश (नेराप) नम्बर ३**

**<u>तारागाउँ विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३</u>**

तारागाउँ विकास समिति (गठन) आदेश, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस आदेशको नाम "तारागाउँ विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३" रहेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>तारागाउँ विकास समिति (गठन) आदेश, २०३४ को दफा २ मा संशोधन</u> :** तारागाउँ विकास समिति (गठन) आदेश, २०३४ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ का उपदफा (३) र (४) झिकिएका छन्।

३. **<u>मूल आदेशमा दफा २क. थप</u> :** मूल आदेशको दफा २ पछि देहायको दफा २क. थपिएको छ :-

"२क. <u>पदमुक्त हुने</u> : (१) यस आदेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २ को उपदफा (२) को खण्ड (क), (च) र (छ) बमोजिम मनोनीत अध्यक्ष, सदस्य र सदस्य-सचिवको मनोनयन गर्दा जुनसुकै सर्त, सुविधा र पदावधि तोकिएको भए तापनि यो आदेश प्रारम्भ भएपछि त्यस्ता अध्यक्ष, सदस्य र सदस्य-सचिव कार्यरत रहेको पदबाट स्वतः पदमुक्त हुनेछन्।

(२) उपदफा (१) बमोजिम पदमुक्त भएका पदाधिकारीलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सचिव वा निजले अख्तियारी दिएको अधिकारीले पदमुक्त भएको सूचना दिनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।